प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन नं . ०६१-४६७६८३,
०६१-४६७८५१,
०६१-४६७६६४
फ्याक्स — ०६१-४६७६६५
E-mail
section.law@p4ocmcm.gov.np
Section.fplc@p4ocmcm.gov.np
URL – www.p4ocmcm.gov.np

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- 22 (शासकीय सुधार तथा समन्वय महाशाखा)

मितिः २०७५/१०/०४

विषयः हेलो मुख्यमन्त्री गुनासो व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।

**श्री मन्त्रालयहरू (सबै), गण्डकी प्रदेश, पोखरा**
**श्री जिल्ला समन्वय समितिहरू (सबै), गण्डकी प्रदेश**
**श्री जिल्ला प्रशासन कार्यालयहरू (सबै), गण्डकी प्रदेश**
**श्री पोखरा महानगरपालिका, गण्डकी प्रदेश, पोखरा**
**श्री नगरपालिकाहरू (सबै), गण्डकी प्रदेश**
**श्री गाउँपालिकाहरू (सबै), गण्डकी प्रदेश**

उपर्युक्त सम्बन्धमा हेलो मुख्यमन्त्री कार्यक्रम सम्बन्धी यसैसाथ संलग्न सूचना पाना-१ तहाँ मन्त्रालय/ समिति/कार्यालय तथा अन्तर्गतका कार्यालयहरू/ वडा कार्यालयहरू/ विद्यालयहरू तथा अन्य सरकारी कार्यालयहरूमा पठाई तत् तत् निकायहरूमा टाँस गर्ने/ गराउने प्रबन्ध मिलाई सहयोग गरिदिनुहुन तथा तहाँ मन्त्रालय/ समिति/ कार्यालयहरूका web site हरूमा संलग्न सूचना अपलोड गरी गण्डकी प्रदेश सरकारद्वारा सञ्चालित हेलो मुख्यमन्त्री गुनासो व्यवस्थापन कार्यक्रम सम्बन्धी प्रचार प्रसार गर्न सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**शाखा अधिकृत**

सादर अवगतार्थ
मानानीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल
(शासकीय सुधार तथा समन्वय महाशाखा)

फोन नं . ०६१-४६७६८३,
०६१-४६७८५१,
०६१-४६७६६४
फ्याक्स — ०६१-४६७६६५
E-mail
section.law@p4ocmcm.gov.np
Section.fplc@p4ocmcm.gov.np
URL – www.p4ocmcm.gov.np

पत्र संख्या :- ०७५/७६
चलानी नं. :-

मिति: २०७५/१०/०४

## <u>हेलो मुख्यमन्त्री कार्यक्रममा गुनासो गर्ने सम्बन्धी सूचना</u>

मिति २०७५।५।४ गते देखि यस कार्यालयमा हेलो मुख्यमन्त्री गुनासो व्यवस्थापन कार्यकक्ष सञ्चालनमा आइरहेको छ । यस प्रदेश सरकार अन्तर्गतका विषयवस्तुसँग सम्बन्धित सुझाव, प्रतिक्रिया तथा गुनासोहरुको सुनुवाईका लागि यस कक्षको स्थापना गरिएको हो ।हालका दिनहरूमा यो कक्ष विहान ८.०० बजेदेखि बेलुका ६.०० बजेसम्म सञ्चालनमा आइरहेको छ । माननीय मुख्यमन्त्रीज्यूबाट समेत समय समयमा नागरिकका गुनासाहरू स्वयम् सुन्ने तथा गुनासो व्यवस्थापन गर्ने कार्यक्रम हुने गरेका छन् । पछिल्लो पटक माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यू यही पौष महिनाको ३० गते वेलुका ५.०० बजेदेखि ६.०० बजेसम्म हेलो मुख्यमन्त्री कार्यकक्षमा स्वयम् उपस्थित हुनुभई नागरिकका गुनासाहरू ग्रहण गर्नुभएको थियो । आउँदा दिनहरूमा समेत यो कार्यक्रम निरन्तर रूपमा अघि बढ्नेछ र सो सम्बन्धी सूचनाहरू ocmcm.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>नागरिकहरुले यस कार्यक्रममा आफ्ना सुझाव तथा गुनासाहरूलाई तल उल्लेख गरिए बमोजिम पठाउन सक्नेछन्:</u>

- नेपाल टेलिकमका ग्राहकहरुले टोल फ्री हटलाईन नम्बर १०९४ मा फोन गरेर,
- एण्ड्राइड मोबाइल युजरले Hello CM Android App डाउनलोड गरी सोही मार्फत,
- हेलो मुख्यमन्त्री कार्यक्रमको वेभसाईट hellocm.gandaki.gov.np मा गएर तथा
- हेलो मुख्यमन्त्री कार्यक्रमको ईमेल hellocm@gandaki.gov.np मा इमेल गरेर ।

उपर्युक्त माध्यमबाट प्राप्त नागरिकका सुझाव तथा गुनासाहरुलाई तत्काल सम्बन्धित निकायहरुमा पठाई छिटो भन्दा छिटो सुनुवाई तथा समाधान गर्ने प्रयास गरिनेछ । गुनासो गर्ने नागरिकले आफूले गरेको गुनासोमा भएको हरेक कारवाहीको प्रगति हेलो मुख्यमन्त्री कार्यक्रमको वेभसाईट hellocm.gandaki.gov.np मा गएर हेर्न सक्नेछन् तथा उक्त वेभसाईटमा आफ्नो नाम सार्वजनिक गर्ने/ नगर्ने सम्बन्धी निर्णय गुनासोकर्ताको नै रहनेछ । धन्यवाद ।

(नेत्रप्रसाद पौडेल)
शाखा अधिकृत